"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धनकुटा
१ नं. प्रदेश, नेपाल

फोन नं: ०२६-५२०११९
०२६-५२०५१५

च.न. : ८२९४

मिति :२०७६/०२/०८

पत्र संख्या :

**सूचना ! सूचना ! ! सूचना ! ! !**

यस कार्यालयको मिति २०७६/२/६ गतेको कार्यपालिका बैठकको निर्णयानुसार धनकुटा नगरपालिका क्षेत्रमा संचालन गरिने उन्नतजातको एभोकाडोको विरुवा वितरण ( नपाको तर्फबाट प्रतिगोटा रु. १०० अनुदान ) कार्यक्रममा सहभागि हुन धनकुटा नगरपालिका क्षेत्रमा स्थायी बसोबास गर्नुहुने इच्छुक कृषक समुह/ कृषि सहकारी / व्यक्तिहरुले मिति २०७६ जेठ ३१ गते सम्म तपसिलमा उल्लेखित कागजातहरु संग्लन राखी तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्पूर्ण नगरवासीहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**<u>तपसिल</u>**

१. माग गरिने एभोकाडोको विरुवा संख्या र सम्पर्क नम्बर स्पष्ट खुलेको निवेदन

२. इच्छुक कृषक समुह/ कृषि सहकारी/ निजी फर्मको प्रमाणपत्रको प्रतिलिपि

३. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

४. साझेदारी वापत कृषकले तिर्नुपर्ने रु. ५०।- (प्रतिगोटा) तिर्ने प्रतिवद्धता पत्र

५. वडा कार्यालयको सिफारिस पत्र

*प्राप्त निवेदनको आधारमा अनुपातिक (Quota) प्रणालीबाट लागत साझेदारी रकम धनकुटा नगरपालिकामा जम्मा गरिसकेपछि कार्यक्रमको आयोजना गरी विरुवा वितरण गरिनेछ ।*

सुरेन्द्र थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

वेभसाइटः www.dhankutamun.gov.np

इमेलः mundkt@gmail.com

मिति : २०७६/०२/

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

**विषय : उन्नत जातको एभोकाडो विरुवा उपलब्ध गराइदिने बारे ।**

महोदय,

प्रस्तुत विषयमा धनकुटा नगरपालिका कार्यालयको मिति २०७६/०२/०८ गते प्रकाशित सूचना अनुसार तहाँबाट उपलब्ध गराउने उन्नत जातको एभोकाडो विरुवा यस ........................ ....................................... लाई ............. वटा अनुदानमा उपलब्ध गराइदिनु हुन सादर अनुरोध गर्दछु ।

<u>निवदेकको</u>

नाम :

दस्तखत :

ठेगाना :

सम्पर्क नम्बर :

**<u>वडा कार्यालयको सिफारिस</u>**

निवेदनकर्ता श्री ------------------------------------------ ज्यू, यस वडाको स्थायी बासिन्दा भएको र निवदेनका साथ पेश भएका कागजात सही साँचो भएकोले अनुदानमा एभोकाडोको विरुवा उपलब्ध गराइदिनु हुन सिफारिस साथ अनुरोध छ ।

वडा कार्यालयको छाप :

सिफारिस गर्ने पदाधिकारीको नाम र हस्ताक्षर

मिति :

मिति : २०७६/०२/

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा ।

**बिषय : प्रतिबद्धता पत्र ।**

महोदय,

प्रस्तुत बिषयमा धनकुटा नगरपालिका कार्यालयबाट उपलब्ध गराइने ................ वटा उन्नत जातको एभोकाडो विरुवाको लागि प्रति गोटा रु. ५०।- का दरले हुन आउने जम्मा रकम रु......................... साझेदारीमा तिर्न प्रतिवद्ध रहेको ब्यहोरा जानकारीको लागि सादर अनुरोध छ ।

निवदेकको

नाम :

दस्तखत :

ठेगाना :

सम्पर्क नम्बर :